# “विद्यालय किचेन गार्डेन कार्यक्रम सञ्चालन कार्यविधि, २०८१”

**प्रस्तावना**

हेलम्बु गाउँपालिका भित्रमा संचालित सम्पूर्ण सामुदायिक तथा निजी विद्यालयहरुमा किचेन गार्डेन कार्यक्रमको माध्यमबाट प्राङ्गारिक कृषि तथा पशुजन्य उपज उत्पादन गरी दिवा खाजामा सघाउ पुर्याउन, कृषि तथा पशुजन्य उत्पादनको प्रयोगात्मक अभ्यासबाट विद्यार्थीहरुमा क्षमता अभिबृद्धि गराउन, प्राङ्गारिक कृषि उत्पादनको माध्यमबाट वातावरणमैत्री विकास गर्न वाञ्छनीय भएकाले, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (ण) को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी हेलम्बु गाउँपालिकाको “विद्यालय किचेन गार्डेन कार्यक्रम सञ्चालन कार्यविधि, २०८१” तयार गरी जारी गरिएको छ।

**गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०८/१७ गते**

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः यस कार्यविधिको नाम हेलम्बु गाउँपालिकाको “विद्यालय किचेन गार्डेन कार्यक्रम सञ्चालन कार्यविधि, २०८१” रहेको छ।

यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. “कार्यविधि” भन्नाले “विद्यालय किचेन गार्डेन कार्यक्रम सञ्चालन कार्यविधि, २०८१” लाई सम्झनुपर्दछ।

ख. “गाउँपालिका” भन्नाले हेलम्बु गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्दछ।

ग. “पहिलो पक्ष” भन्नाले हेलम्बु गाउँपालिकालाई सम्झनुपर्दछ।

घ. “दोस्रो पक्ष” भन्नाले हेलम्बु गाउँपालिका भित्र संचालित सःशुल्क वा निःशुल्क रुपमा पालिकाबाट किचेन गार्डेन कार्यक्रम संचालनको लागि अनुदान रकम प्राप्त गर्ने सम्पूर्ण सामुदायिक तथा निजी विद्यालयहरुलाई सम्झनुपर्दछ।

ङ. “शाखा” भन्नाले हेलम्बु गाउँपालिकाको कृषि विकास शाखा र पशु सेवा शाखालाई सम्झनुपर्दछ।

च. “प्रस्ताव” भन्नाले कार्यक्रममा उल्लेख कार्य गर्नका लागि विद्यालयले पेश गरेको विस्तृत कार्ययोजना सहितको विवरणलाई सम्झनुपर्दछ।

छ. "विद्यालय" भन्नाले नेपाल सरकारबाट अनुमती वा स्वीकृत प्राप्त सार्वजनिक तथा निजी लगानीमा संचालित विद्यालयलाई सम्झनुपर्दछ र गुम्बा, गुरुकुल र आश्रम, विशेष शिक्षाको स्रोतकक्षालाई समेत जनाउँछ।

ज. "प्रधानाध्यापक" भन्नाले विद्यालयको नेतृत्व वहन गरी व्यवस्थापकीय तथा प्रशासनिक जिम्मेवारी निर्वाह गर्ने विद्यालयको प्रमुख कार्यकारी पदाधिकारीलाई सम्झनुपर्दछ।

झ. "सम्पर्क शिक्षक" भन्नाले विद्यालयले किचेन गार्डेन क्रियाकलापको विशेष जिम्मेवारी दिएको शिक्षकलाई जनाउँछ।

## परिच्छेद- २

## कार्यक्रमको उद्देश्य र सञ्चालन प्रक्रिया

**३. कार्यक्रमको उद्देश्यः**

क) प्राङ्गारिक कृषि तथा पशुपंक्षीजन्य उपज उत्पादन गरी दिवा खाजामा सघाउ पुर्याउने,

ख) विद्यार्थीले प्राप्त गरेको सैद्धान्तिक ज्ञानलाई व्यवहारिक र जीवनोपयोगी बनाउने।

ग) विद्यालयलाई उदाहरणीय प्राङ्गारिक कृषि तथा पशुजन्य उपज उत्पादन केन्द्रको रुपमा विकास गरी समुदायको लागि अनुकरणीय सिकाई केन्द्र बनाउने।

घ) प्रत्येक विद्यालयमा किचेन गार्डेन निर्माण गरी विद्यार्थीहरुलाई पोषकतत्वयुक्त खानेकुराको ज्ञान, सिप र अभिवृत्तिको विकासमा टेवा पुर्याउने।

ङ) विद्यालयलाई आकर्षक र मनोरम स्थलको रुपमा विकास गर्ने।

**४. लक्षित विद्यालयः** विद्यालय किचेन गार्डेन कार्यक्रम सञ्चालन गर्न ईच्छुक सामुदायिक तथा निजी विद्यालयहरु यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रममा सहभागी हुन सक्नेछन्।

**५. प्रमुख क्रियाकलापहरुः** कृषि विकास शाखा र पशु सेवा शाखाले गाउँसभाबाट विनियोजित बजेटलाई मध्यनजर गरी कार्यालय प्रमुखबाट लागत अनुमान स्वीकृत गराई तपसिलका क्रियाकलापहरु पर्ने गरी कार्यक्रम संचालन गर्नुपर्नेछः

**क) कार्यक्रम व्यवस्थापन, तालिम गोष्ठी तथा प्रदर्शनीः**

कार्यक्रम संचालन तथा कार्यान्वयनका लागि आवश्यक गोष्ठि र बैठक आयोजना, सूचना आव्हान, सूचना प्रसारण, निवेदन संकलन, लाभग्राही छनौटका लागि स्थलगत सम्भाव्यता अध्ययन र भ्रमण जस्ता क्रियाकलाप गर्न सकिनेछ।

**ख) कृषि बाली उत्पादन गर्ने विद्यालयहरुलाई बालीको निःशुल्क किट तथा वीउ वितरणः**

पालिका भित्र रहेका विद्यालयहरुलाई दिवा खाजामा सहयोग पुग्ने गरी मागको आधारमा तरकारी, खाद्यान्न, दलहन, मसलाबाली तथा आलुका जातको वीउ पालिकाले खरिद गरी शत प्रतिशत निःशुल्क रुपमा वितरण गर्न सकिनेछ। साथै १ रोपनी भन्दा बढी जमिनमा तरकारी, खाद्यान्न, रैथाने बाली, फलफुल आदि अर्गानिक कृषि उपज उत्पादन गर्ने

विद्यालयहरुलाई प्रोत्साहन स्वरुप अधिकतम रु. १५,०००/- (अक्षरुपी पन्ध्र हजार मात्र) पालिकाले उपलब्ध गराउन सक्नेछ।

<u>ग) उर्वराशक्ति सुधारः</u>

गाउँपालिका भित्र किचेन गार्डेन कार्यक्रम सञ्चालन भएका विद्यालयहरुको मागको आधारमा कम्पोष्ट मल, झोलमल साथै भर्मिकम्पोष्ट/गड्यौला मल आदि जस्ता प्राङ्गारिक मल उत्पादन कार्यक्रम शत प्रतिशत निःशुल्क रुपमा संचालन गर्न सकिनेछ।

<u>घ) उच्च प्रविधिमा आधारित तरकारी खेतीः</u>

पालिका भित्र रहेका विद्यालयहरुलाई दिवा खाजामा सहयोग पुग्ने गरी मागको आधारमा मौसमी तथा बेमौसमी तरकारी बाली उत्पादन गर्न उच्च प्रविधिमा आधारित प्लाष्टिक टनेल संरचना निर्माण, टनेल मर्मत, थोपा सिचाई सेट, हजारी, प्लाष्टिक लगायतका आवश्यक सामाग्रीहरु खरिद गरी शत प्रतिशत निःशुल्क रुपमा वितरण गर्न सकिनेछ। साथै विगतका वर्षहरुमा टनेल निर्माण भई हाल संरचना/फलामे प्लाष्टिक टनेल मर्मतको अवस्थामा रहेको विद्यालयहरुमको लागि प्रति विद्यालय बढीमा रु. १०,०००/- (अक्षरुपी दश हजार मात्र/-) रकम गाउँपालिकाले वार्षिक कार्यक्रमबाट उपलब्ध गराउन सकिनेछ।

<u>ङ) पशुपन्छी तथा मत्स्य र पालन सम्बन्धी कार्यक्रमः</u>

हेलम्बु बोधीसत्व मोडेल स्कूलमा वाल पोषणका लागि दुहुना गाई र अण्डा दिने कुखुरा पालन कार्यक्रमका लागि हेलम्बु गाउँपालिका पशु सेवा शाखाले सूचना माग गरी स्थलगत अनुगमन पश्चात पशु गोठ र कुखुराको खोर निर्माणका लागि प्राविधिक ईस्टिमेटको आधारमा स्कुल संग सम्झौता गरी निर्माण कार्य शुरु गर्न सकिने छ ।निर्माण कार्य सम्पन्न भए पछी पशु सेवा शाखाको प्राविधिक परामर्श अनुरुप पशु खरिद तथा लेयर्स चल्लाको खरिदको कार्य विद्यालयले अगाडी बढाउने छ। अन्तिम भूक्तानीको लागि विद्यालयले कार्य सम्पन्न प्रतिवेदन,वील,भरपाई,होडिङबोर्ड र कार्यक्रम झल्किने तस्विरहरु सहित निवेदन पेश गरे पश्चात विद्यालयको खातामा एकमुष्ठ रकम भूक्तानी गरिनेछ । साथै यस्तै प्रकृतीका कार्यक्रमहरु अन्य विद्यालयहरुमा पनि आवश्यकता वमोजिम संञ्चालन गर्न सकिनेछ।

<u>च) तथ्याङ्क संकलन, समिक्षा तथा प्रगती प्रतिवेदनः</u> कृषि विकास शाखा तथा पशु सेवा शाखाले यस कार्यक्रमको तथ्याङ्क संकलन, समिक्षा र प्रगती प्रतिवेदन पालिका अध्यक्ष समक्ष पेश गर्नुपर्नेछ।

<u>६. अपेक्षित उपलब्धिहरुः</u>

क) स्थानीय स्तरमा भएका स्रोत साधनको उच्चतम प्रयोग गरी प्राङ्गारिक कृषि उपज उत्पादन भई दिवा खाजामा सहयोग पुगेको हुनेछ।

ख) विद्यार्थीले प्राप्त गरेको सैद्धान्तिक ज्ञानलाई व्यवहारिक र जीवनोपयोगी बनाउन सहयोग पुगेको हुनेछ।

<u>७. कार्यक्रम संचालन विधि/न्युनतम मापदण्ड/प्रासङ्गिक विषय:</u> पालिकाले १५ दिने सार्वजनिक सूचना मार्फत प्रस्ताव आव्हान गर्नेछ। सूचना पश्चात अनुसूची-१ बमोजिमको ढाँचामा विद्यालयहरुले निवेदन पेश गर्नुपर्नेछ र आर्थिक विकास समितिको बैठकबाट छनौट भएका विद्यालयहरुसँग अनुसूची-२ बमोजिम सम्झौता गरिनेछ। कार्यक्रम संचालन गर्दा माथि उल्लेखित क्रियाकलापहरुसँग सम्बन्धित अन्य क्रियाकलाप गर्न सकिनेछ।

<u>८. पालिकास्तरीय कार्यक्रम कार्यान्वयन समितिः</u>

गाउँपालिका अध्यक्षको अध्यक्षतामा कार्यक्रमको कार्यान्वयन, सहजीकरण र रेखदेख गर्नको लागि कार्यक्रम सम्बद्ध सरोकारवालाहरुको प्रतिनिधित्व हुने गरी बढीमा ७ सदस्यीय तपसिलको पालिकास्तरीय कार्यक्रम कार्यान्वयन समिति हुनेछः

| | |
|---|---|
| क. गाउँपालिका अध्यक्ष | - अध्यक्ष |
| ख. गाउँपालिका उपाध्यक्ष | - सदस्य |
| ग. आर्थिक विकास समितिका संयोजक | - सदस्य |
| घ. प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| ङ. शिक्षा शाखा प्रमुख | - सदस्य |
| च. पशु सेवा शाखा प्रमुख | - सदस्य |
| छ. कृषि शाखा प्रमुख | - सदस्य सचिव |

<u>८. कार्यक्रम अनुगनम तथा मूल्याङ्कन समितिः</u>

विद्यालय किचेन गार्डेन कार्यक्रम अन्तर्गत संचालित कार्यक्रमहरुको स्थलगत निरीक्षणका लागि बढीमा ३ जना आमन्त्रित सदस्यहरुसहित देहायबमोजिमको कार्यक्रम अनुगमन तथा मूल्याङ्कन समिति गठन हुनेछ।

| | |
|---|---|
| क. गाउँपालिका उपाध्यक्ष | - अध्यक्ष |
| ख. आर्थिक विकास समितिका संयोजक | - सदस्य |
| ग. प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| घ. योजना शाखा प्रमुख | - सदस्य |
| ङ. पशु सेवा शाखा प्रमुख | - सदस्य |
| च. कृषि शाखा प्रमुख | - सदस्य सचिव |

<u>९. कार्यक्रम संचालन तथा व्यवस्थापन समितिः</u>

प्रत्येक विद्यालयमा व्यवस्थापन समितिका अध्यक्षको अध्यक्षतामा देहायबमोजिमको विद्यालय किचेन गार्डेन कार्यक्रम सञ्चालन तथा व्यवस्थापन समिति गठन हुनेछ।

| | |
|---|---|
| क. विद्यालय व्यवस्थापन समितिका अध्यक्ष | - अध्यक्ष |
| ख. सम्बन्धित वडा अध्यक्ष वा तोकिएको प्रतिनिधि | - सदस्य |
| ग. शिक्षक अभिभावक संघको अध्यक्ष | - सदस्य |

घ. प्रधानाध्यापक - सदस्य सचिव

## परिच्छेद-३
## विविध

**८. कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्मसः** किचेन गार्डेन कार्यक्रम अन्तर्गत माथि उल्लेखित शिर्षकका कार्यक्रम संचालन गर्ने बाहेकको कार्यक्रम गर्नुपर्दा पालिकाबाट ८५ प्रतिशत वा १००% सम्म अनुदान दिन सकिनेछ।

**९. बजेटको व्यवस्थाः** किचेन गार्डेन कार्यक्रम संचालनका लागि गाउँसभाले आवश्यक बजेटको व्यवस्था गर्नेछ।

**१०. भुक्तानी प्रक्रियाः** आर्थिक विकास समितिबाट कार्यक्रम सञ्चालनका लागि छनौट भई कार्यक्रम संचालन गरेका विद्यालयहरुले प्राविधिकको कार्यसम्पन्न प्रतिवेदन सहित भुक्तानीको लागि आवश्यक वडा सिफारिस, बिल, भर्पाई र कार्यक्रम झल्किने फोटोहरु पेश गरी भुक्तानीको लागि आएका कार्यक्रमको कार्यविधि र लागत ईष्टिमेट अनुसार नियमानुसार करकट्टी गरी बाकी हुन आउने रकम बैंक खााता मार्फत भुक्तानी गरिनेछ।

**१२. अनुगमन/मुल्याङ्कनः** गाउँपालिकाका उपाध्यक्षको अध्यक्षतामा कृषि शाखा प्रमुखको सदस्य सचिव रहने गरी अनुगमन समिति गठन गरी सो समितिबाट तोकिएअनुसार कृषि अनुदानको उपयोग गरे वा नगरेको सम्बन्धमा अनुगमन गर्नेछ। अनुगमनमा खटिए बापत समितिका पदाधिकारीहरुलाई कानून बमोजिम दैनिक भत्ता उपलब्ध हुनेछ।

**१३. बाधा अड्काउ फुकाउनेः**

क. यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार हेलम्बु गाउँ कार्यपालिकाको हुनेछ।

ख. यो कार्यविधिलाई आवश्यकता अनुसार गाउँ कार्यपालिकाले संशोधन तथा परिमार्जन गर्न सक्नेछ।

# अनुसूची (१)
## परिच्छेद-२(दफा-७)
## कार्यक्रम मागको आवेदन फारम ढाँचा

मितिः २०...../......./..... गते

श्रीमान प्रमुख प्रशासकीय अधिकृत
हेलम्बु गाउँकार्यपालिकाको कार्यालय
हेलम्बु, सिन्धुपाल्चोक।

विषयः कार्यक्रममा सहभागी हुने सम्बन्धमा।

महोदय,

प्रस्तुत विषयमा तहाँ कार्यालयबाट संचालन गरिने विद्यालय किचेन गार्डेन कार्यक्रम अन्तर्गत ................................कार्यक्रमका लागि हाम्रो विद्यालय व्यवस्थापन समितिको निर्णय प्रतिलिपी र तपसिलको विवरण सहित यो निवेदन पेश गरेका छौं। कार्यालयले तोकिएको मापदण्डहरु अपनाई सोही अनुसार कार्यक्रम संचालन गर्न पुर्ण रुपमा मञ्जुर भएको व्यहोरा समेत अनुरोध गर्दछौं।

तपसिलः

१. कार्यक्रम मागको निवेदन
२. सम्बन्धित वडा कार्यालयको सिफारिस
३. विद्यालय व्यवस्थापन समितिको निर्णय प्रतिलिपी
४. अन्य आवश्यक कागजातहरु।

निवेदकः

<u>अनुसूची (२)</u>

<u>परिच्छेद-२(दफा-७)</u>

**विद्यालय किचेन गार्डेन कार्यक्रम सम्झौता पत्रको नमूना**

**हेलम्बु गाउँकार्यपालिकाको कार्यालय, बागमती प्रदेश, हेलम्बु सिन्धुपाल्चोक र**

श्री ........................................................ बीच

.............................................................. संचालनको लागि सम्झौता पत्र।

यो सम्झौता पत्र .............................. कार्यालय (यस पछिको पहिलो पक्ष भनिएको) र .................................... विद्यालय .... वडा नं ................ टोल (यस पछिको दोस्रो पक्ष भनिएको) तपसिलको शर्त बमोजिमको कुराहरुलाई पालना गर्ने कुरा मञ्जुर गरिन्छ।

१. यो सम्झौता, सम्झौता भएको मिति ................... देखि प्रारम्भ भएको मानिनेछ र यो सम्झौतामा संलग्न स्वीकृत प्रस्तावना/इष्टिमेट बमोजिमको कार्य यथाशिघ्र संचालन गरी मिति ............................ गते सम्म सम्पन्न गरेर आवश्यक कागजात सहित दोस्रो पक्षले पहिलो पक्ष समक्ष पेश गर्नुपर्नेछ।

२. यस सम्झौता बमोजिमको ................................ कार्यक्रम सम्बन्धी कार्य दोस्रो पक्ष आफैंले गर्नुपर्नेछ। दोस्रो पक्ष आफैंले नगरी अन्य व्यक्ति वा संस्था मार्फत गराउन पाइने छैन्।

३. प्रथम पक्षले दोस्रो पक्षलाई रकम भुक्तानी गर्दा सम्बन्धित प्राविधिकको प्रतिवेदन र आवश्यकता अनुसार आयोजना निरीक्षण गरी रकम भुक्तानी गरिनेछ। साथै अनुदानग्राहीले रकम भुक्तानी माग्दा कार्यक्रम सम्पन्न झल्कने फोटोहरु, होर्डिङ बोर्ड र बिल भर्पाई पेश गर्नुपर्नेछ।

४. अनुदान बापत रु..................(अक्षरुपी ............................................मात्र) नियमानुसार करकट्टी गरी बैंक खाता मार्फत भुक्तानी गरिनेछ।

५. दोस्रो पक्षको लापरबाहीको कारणबाट कार्य सम्पन्न नभई हानी नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षको हुनेछ।

६. सम्झौता बमोजिमको कार्य गर्ने सम्बन्धमा कुनै विवाद आएमा दुवै पक्षको उपस्थितिमा समझदारी गर्न सकिनेछ र प्रथम पक्षको निर्णय नै अन्तिम निर्णय हुनेछ।

७. कृषि उत्पादन सामाग्री, बिउ तथा औजार उपकरण खरिद गर्दा आधिकारिक श्रोत केन्द्रबाट मात्र खरिद गर्नुपर्नेछ।

८. दुवै पक्षबीच सम्झौता भएको मिति देखी लागू हुने गरी प्रथम पक्षलाई कार्यक्रम संचालन गर्नको लागि कार्य आदेश दिएको मानिनेछ।

९. यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यस बमोजिम र अन्य कुराहरुमा प्रचलित एन नियमानुसार हुनेछ।

**प्रथम पक्ष**
दस्तखतः
नाम :
पदः
मितिः
कार्यालयको छापः

**दोस्रो पक्ष**
दस्तखतः
नामः
पदः
मितिः
संस्थाको छापः

**साँक्षी**
दस्तखतः
नाम :
पदः
मितिः
कार्यालयको छापः

**आज्ञाले,**
**राजुभाइ श्रेष्ठ**
**प्रमुख प्रशासकीय अधिकृत**